# सरकारी निकायका मोवाइल एप्पहरुको मापदण्ड - 2075

सरकारी निकायका मोवाइल एप्पहरुको निश्चित मापदण्ड तोकी संचालन तथा व्यवस्थापन गर्न आवश्यक भएकोले यो मापदण्ड निर्माण गरी लागु गरिएको छ।

१. आवश्यक सामाग्री/विषयवस्तुहरु मात्र समावेश गर्नुपर्नेछ र मोवाईल एप्पको प्रस्तुती सम्बन्धित सरकारी निकायको उद्देश्य झल्किने खालको हुनुपर्नेछ।

२. ब्यापारिक प्रयोजनका लागि विज्ञापन राख्ने गरी बनाइनु हुँदैन ।

३. अँग्रेजी र नेपाली दुवै भाषामा हुनुपर्नेछ साथै स्थानीय भाषाहरु थप गर्न सकिनेछ।

४. एप्पको भाषा सहजरुपमा छनोट गर्न मिल्ने हुनुपर्दछ।

५. इन्टरफेस सामाग्रीहरु सकेसम्म न्यूनतम, सहज र सरल बनावटको हुनुपर्नेछ (Minimalist Design) ।

६. प्रयोगकर्ताले कुनै विकल्प छनौट गरेपछि मात्र सोसँग सम्वन्धित विवरण आउने गरी (Progressive Disclosure) निर्माण भएको हुनुपर्नेछ।

७. धेरै विवरण भर्नुपर्ने अवस्थामा मिल्दाजुल्दा विवरणहरु समूहगतरुपमा विभाजन गरी चरणबद्धरुपमा भर्न मिल्ने गरी निर्माण गर्नु पर्नेछ ।

८. Search Result, Getting Started, What is New आदि जस्ता परिचित Screen हरु प्रयोग भएको हुनुपर्नेछ।

९. डाटा प्रविष्ट गर्दा सम्भव भएसम्म पहिले नै प्रविष्ट गरिएको डाटाबाट छनौट गर्न मिल्ने र अत्यावश्यक डाटा मात्रै टाइप गर्नुपर्ने गरी निर्माण हुनुपर्नेछ ।

१०. प्रयोगकर्ताले डाटा प्रविष्ट गर्दा Data Format देखिनु पर्छ। साथै डाटा इन्ट्रि पश्चात् तुरुन्तै डाटा स्वीकार योग्य भए नभएको देखिनुपर्नेछ।

११. हरेक फर्ममा डाटा प्रविष्ट गर्दा डाटाको प्रकार अनुसारको किवोर्ड देखिनुपर्नेछ। जस्तैः फोन नम्बर प्रविष्ट गर्दा numeric किवोर्ड देखिनुपर्ने, इमेल प्रविष्ट गर्दा @ को चिन्ह सहितको किवोर्ड देखिनुपर्ने आदि ।

१२. महत्वपूर्ण विषयवस्तु (Content) लाई उपयुक्त Font को Weight, Colour, Size आदि प्रयोग गरी ध्यानाकर्षण गर्ने गरी बनाइएको हुनुपर्नेछ।

१३. प्रयोगकर्ताले सहजै बुझ्ने किसिमको वाक्यांश एवं शब्दहरुको प्रयोग गरिएको हुनुपर्नेछ।

१४. सबै Screen/Page हरुमा Button, Label तथा अन्य अन्तरक्रियात्मक विषयवस्तुहरु (Interactive Element) हरुमा एकरुपता हुनुपर्नेछ।

१५. फरक क्षमता भएका व्यक्तिहरु (दृष्टी बिहिन, बहिरा, अपाङ्ग)का लागि पनि पहुँच योग्य बनाउनु पर्नेछ। WCAG (Web Content Accessibility Guideline) अनुसरण गरिएको हुनुपर्नेछ।

१६. मोवाइल एपमा सूचना/जानकारीहरु प्रस्तुत गर्दा सकेसम्म कम Taps, Swipes र Screen हरुको प्रयोग हुने गरी निर्माण गरिएको हुनु पर्नेछ।

१७. प्रयोगकर्ताले Active Page को नाम, स्क्रिनको माथिल्लो भागमा देखिने हुनुपर्नेछ।

१८. व्यक्तिगत विवरण बाहेक अन्य विषयवस्तुहरु Sign-in विना हेर्न सक्ने गरी व्यवस्था भएको हुनुपर्नेछ।

१९. एप प्रयोगको लागि एपमा नै प्रयोगकर्ता निर्देशन (User Guide) को व्यवस्था भएको हुनुपर्नेछ।

२०. एपलाई आवश्यक पर्ने भन्दा बढी Contacts, Photos, Locations आदि जस्ता व्यक्तिगत विवरणहरु माग नगर्ने र त्यस्ता विवरणहरु माग गर्नु परेमा पहुँचको लागि सावधान सन्देश सहित अनुमति माग गर्नु पर्नेछ।

२१. अनावश्यक व्यक्तिगत विवरण भण्डारण नगर्ने गरी व्यवस्था गर्नुपर्नेछ र जम्मा गरिएका विवरण समेत App को प्रयोजन बाहेक अन्य प्रयोजनको लागि प्रयोग गर्न नपाउने गरी व्यवस्था गर्नुपर्नेछ।

२२. एपमा डाटा send वा receive गर्दा HTTPS प्रणालीको प्रयोग अनिवार्य रुपमा भएको हुनुपर्नेछ।

२३. डाटा सुरक्षितरुपमा भण्डारण भएको हुनुपर्नेछ।

२४. समय समयमा Content Update भएको हुनुपर्नेछ।

२५. मोवाईल एप्प सकेसम्म दुई सेकेन्ड भित्र खुलिसक्नु पर्नेछ।

२६. मोवाईल एप्पका विषयवस्तु/सामाग्री स्क्रीनको देखिने भागभित्र हुनुपर्नेछ।

२७. मोवाईल एप्पमा प्रयोग हुने तस्विरहरु उपयुक्त Aspect Ratio मा हुनु पर्नेछ।

२८. मोवाईल एप्पमा भएका भिडियो सामाग्रीहरु Portrait Mode मा समेत हेर्न सकिने खालको हुनुपर्नेछ।

२९. मोवाईल एप प्रयोगकर्ताको औला मैत्री (Finger Friendly) हुनुपर्नेछ।

३०. प्रयोगकर्ताले मोवाइल एपसँग अन्तरक्रिया (Tap, Select, Scroll) गर्दा एपले प्रतिक्रिया (कम्पन, हाइलाईट आदि) दिनुपर्नेछ।

३१. एपमा प्रयोगकर्ताको विगतका क्रियाकलाप एवं रुचिहरु संचय गरी सो अनुसारको विकल्पहरु सुझाउने व्यबस्था भएको हुनुपर्नेछ।

३२. प्रयोगकर्ताहरुलाई अनावश्यक सन्देश (Notification) पठाउन नहुने तर समयसापेक्ष र अत्यन्त जरुरी सन्देशहरु पठाउनु पर्नेछ।

३३. प्राथमिकताको आधारमा सन्देशहरु विभिन्न माध्यमहरु (sms, email, InApp notification, news feed) मार्फत प्रवाह गर्न सकिने ब्यबस्था भएको हुनुपर्नेछ।

३४. एपहरुको बनावट Responsive हुनु पर्नेछ। अर्थात, विभिन्न किसिमको मोवाइल Screen हरुमा चल्ने गरी निर्माण भएको हुनुपर्नेछ।

३५. एप Poor Internet Connectivity मा पनि संचालन हुनुपर्नेछ।

३६. Offline Mode मा समेत एप संचालन हुनुपर्नेछ।

३७. एप Update भएमा प्रयोगकर्तालाई Update गर्न जानकारी (Notification) जानु पर्नेछ।

३८. सरकारी निकायका मोबाईल एपहरु नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा संचालन) निर्देशिका, 2071(Government Enterprise Architecture) बमोजिम हुनुपर्नेछ।

३९. मोवाइल एप्स निर्माण गर्दा OWASP(Open Web Application Security Project) Mobile Security Guidelines अनुशरण भएको हुनुपर्नेछ।

४०. मोवाइल एप्सको Requirement Analysis गरिसकेपछि निर्माण गर्नु पुर्व सूचना प्रविधि विभागको स्वीकृति लिनु पर्नेछ ।

४१. मोवाइल एप्स संचालन गर्नुपूर्व सूचना प्रविधि विभागबाट सुरक्षा जाँच गराउनु पर्नेछ ।

४२. सरकारी निकायका मोबाईल एप यस मापदण्ड वमोजिम भए नभएको सम्वन्धमा अनुगमन सूचना प्रविधि विभागले गर्नेछ।

४३. यस मापदण्डको कार्यान्वयन गर्ने सम्वन्धमा कुनै द्विविधा वा अष्पष्टता भएमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आवश्यक व्याख्या गर्न सक्नेछ ।